# संक्रामक रोग ऐन, २०२०

*(मिति २०७४ साल पौष मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार

# संक्रामक रोग ऐन, २०२०

लालमोहर र प्रकाशन मिति
२०२०।११।१६

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | संक्रामक रोग (पहिलो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ | २०४९।१।८ |
| ३. | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | २०५५।४।६ |
| | | प्रमाणीकरण र प्रकाशित मिति |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६۞ | २०६६।१०।७ |

२०२० सालको ऐन नं. २८

♠...........

संक्रामक रोगहरुको रोकथाम गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपाल ♠........... भर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रुप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम "संक्रामक रोग ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन नेपाल ♠........... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

ϖ२. विशेष व्यवस्था गर्ने अधिकार : (१) ❋नेपालभर वा त्यसको कुनै भागमा ∃........... मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारबाही गर्न सक्छ र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरुको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

---

۞ यो ऐन २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको ।

♠ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

ϖ पहिलो संशोधनद्वारा संशोधित ।

❋ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

∃ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ द्वारा झिकिएको ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(२) नेपाल सरकारले ∃………… मानिसमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट लगिने वा ल्याइने ∃……………. सफर गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता ∃……………. यात्रुलाई कुनै संक्रामक रोग लागेकोछ भन्ने शङ्का लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो ∃……………. यात्रुलाई अस्पताल तथा अन्य स्थानहरुमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरु जारी गर्न सक्नेछ ।

३. <u>सजाय</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति उपर १ महिनासम्म कैद वा रु. १००।- सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(२) यो ऐन अन्तर्गत अधिकृत व्यक्तिहरुलाई काममा बाधा पुऱ्याउनेलाई ६ महिनासम्म कैद वा रु. ६००।- सम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

४. <u>कारबाही र किनारा गर्ने अधिकार</u> : यस ऐन अन्तर्गत भए गरेको कसूरमा कारबाही र किनारा गर्ने अधिकार f<u>प्रमुख जिल्ला अधिकारीलाई</u> हुनेछ ।

५. <u>असल नियतले गरेकोमा बचाउ</u> : यो ऐन अन्तर्गत अधिकृत व्यक्तिले कुनै आफ्नो कर्तव्य पालन गर्दा असल नियतले कुनै काम कारबाही गरेकोमा निजको विरुद्ध नालिस वा अरु कुनै कानूनी कारबाही गर्न सकिने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

∃ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ द्वारा झिकिएको ।

f केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित ।

<u>द्रष्टव्यः</u>- १. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"बडाहाकिम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश" ।
२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।